# नागरिक वडापत्र

## कार्यालयले गर्ने मुख्य कामहरु :

- आफ्नो मातहतका यान्त्रिक उपकरणहरुको मर्मत संभार एवं सञ्चालन गर्ने ।
- सडक विभाग यान्त्रिक महाशाखाको नीति निर्देशनको परिधि भित्र रही पश्चिमाञ्चल क्षेत्रिय निर्देशनालयको निर्देशनमा विभागीय काममा यान्त्रिक उपकरणहरु उपलब्ध गराउने ।
- चालु हालतका यान्त्रिक उपकरणहरु विभागीय काममा प्रयोग नभई आइडल बसेको अवस्थामा नियमानुसार भाडा लिई व्यक्ति, निर्माण व्यवसाय वा संघ संस्थालाई मागअनुसार उपलब्ध गराउने ।

## ख) मेशिन भाडामा लैजाने प्रकृयाहरु :

- आफूले भाडामा लैजान चाहेको मेशिनहरु उपलब्ध हुन सक्छ वा सक्दैन त्यसबारे जानकारी लिन कार्यालयका मे.ई. वा निजले तोकेको कर्मचारीसंग सम्पर्क गर्ने ।
- यदि मेशिन उपलब्ध छ भने मे.ई. वा निजले तोकेको कर्मचारीसंग सम्पर्क राखी निजबाट मेशिन भाडा सम्बनधी नियम/शर्तहरु जानकारी लिइ सम्बन्धित फर्मेटमा निवेदन लेखी कार्यालय प्रमुख समक्ष पेश गर्ने ।
- कार्यालय प्रमुखको तोक आदेश भएपछि उक्त मेशिन भाडामा लैजान लाग्ने अनुमानित रकम के कति लाग्छ । सो सम्बन्धी जानकारी कार्यालयका मे.ई. वा निजले तोकेको कर्मचारीसँग लिने र अनुमानित रकममा २५ प्रतिशत थप गरी उक्त रकम नेपाल बैंक लिमिटेट दमौली स्थित को.ले.नि.का. तनहुँको धरौटी खाता नं. ख ३७६९३ मा जम्मा गरी सो को सक्कल भौचर पेश गरी मे.ई. वा निजले तोकेको कर्मचारीसँग सम्पर्क राखी सम्झौता पत्र बनाउने ।
- मेशिनको म्याद थप गर्नु परेमा पुन सि.न. १ देखि सम्मकै प्रकृया पुरा गर्नुपर्नेछ र म्याद समाप्त हुने एक (एक) दिन अगावै बैक समय भित्र यस कार्यालयका मे.ई. वा निजले तोकेको कर्मचारी संग सम्पर्क गर्ने ।
- काम समाप्त भै सकेपछि नियमानुसार भाडा कट्टा गरी बाँकी धरोटी रकम फिर्ता लिनका लागि व्यहोरा खुलेको निवेदन लेखि लेखा शाखामा सम्पर्क गर्ने ।

## ग) कार्यालयले उपलब्ध गराउने सेवाको विवरण

| सि.नं. | सेवा सुविधाको किसिम | सेवा ग्राही निकाय/व्यक्ति | सेवा प्राप्त गर्न आवश्यक पर्ने कागजातहरु, प्रकृया र शर्तहरु | सेवा प्राप्त गर्दा | | जिम्मेवारी शाखा/ कर्मचारी | समयमा काम सम्पन्न नभए उजूरी सुन्ने पदाधिकारी निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | | लाग्ने दस्तुर | लाग्ने समय | | |
| १ | मेशिन सेवा निशुल्क उपलब्ध गराउने | सडक विभाग प.क्षे.स.नि. अन्तर्गत डि.स.का. र सडक योजनाहरुमा अमानति कार्यको लागि | कुन मेशिन कुन कामको लागि कति अवधि चाहिने हो खुलाई प.क्षे.स.नि.बाट अनिवार्य आदेश आवश्यक पर्ने । | नि:शुल्क | माग बमोजिम मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने | मे.ई.वा निजले तोकेको कर्मचारी | का.प्र./मे.ई./वा निजले तोकेको कर्मचारी |
| २ | मेशिन भाडामा दिने | नेपाल सकारका अन्य कार्यालय संस्थान संघ संस्था, विभागीय तथा अन्य निर्माण व्यवसायी तथा व्यक्ति विशेष | कुन मेशिन कुन कामको लागि कति अवधि चाहिने हो खुलाई निवेदन पेश गर्ने । | सडक विभागको स्वीकृत भाडादर अनुसार | माग बमोजिम मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने | मे.ई.वा निजले तोकेको कर्मचारी | का.प्र./मे.ई./वा निजले तोकेको कर्मचारी |

१ सडक विभागको स्वीकृत भाडा दर मे.ई. वा निजले तोकेको कर्मचारीसंग जानकारी लिने ।

२ सडक विभागको स्वीकृत भाडा दर अनुसार इन्धन र अप्रेटरको भत्ता बाहेक ।